जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः ३१४ पृष्ठः ४ | २०८२ चैत्र २७ शुक्रबार (Friday 10 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

## पक्राउ पुर्जी जारी भएपछि मेयर यादव फरार



सिरहा, २६ चैत्र। सिरहा नगरपालिकाका मेयर डा. नवीनकुमार यादवविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। नगरपालिकामा कार्यरत कार्यालय सहयोगीलाई कुटपिट गरेको घटनामा उनी विरुद्ध पुर्जी जारी भएको सिरहाका प्रहरी उपरीक्षक बासुदेव पाठकले जानकारी दिए। नगर प्रमुख यादवले गत सोमबार हाजिरी गरिरहेको अवस्थामा कार्यालय सहयोगी ५० वर्षीय रामशरण यादवलाई गालीगलौज गर्दै लात र मुक्काले कुटपिट गरेका थिए।

कुटपिटबाट शरीरका विभिन्न भागमा पनि चोट पटक लागेको प्रहरीले जनाएको छ। यादवको विराटनगरमा उपचार सम्भव नभएपछि थप उपचारको लागि काठमाडौँ लगिएको छ। सोही घटनामा मेयर यादवमाथि अभद्र व्यवहार गरेको कसुरमा जिल्ला प्रहरी कार्यालय सिरहामा मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय, सिरहाबाट पक्राउ अनुमति लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक पाठकले जानकारी दिए।

पक्राउ पुर्जी भएपछि मेयर यादव फरार भएका छन्। मेयर यादवको खोजी कार्य तीव्र पारिएको छ।

## लहान आयुर्वेदिक औषधालयमा औषधी र खानेपानीको अभाव




लहान, २६ चैत्र। लहान नगरपालिका वडा नम्बर १ मा रहेको लहान आयुर्वेदिक औषधालयमा औषधीको अभाव र खानेपानीको समस्या देखिएको छ। २०५५ सालमा स्थापना भए पनि २०७७ साल फागुन ४ गतेदेखि सञ्चालनमा आएको यस औषधालयमा नियमित बिरामीहरूको चाप रहेको छ। औषधालयका कविराज मोहम्मद अब्दुल रहमानका अनुसार वर्षेनी १२ लाखभन्दा बढी मूल्यको औषधी आवश्यक भए पनि हाल तीन लाखको बजेटमा व्यवस्थापन गर्नु परेको छ। खानेपानीको अभावले पनि सेवा सञ्चालनमा चुनौती थपिरहेको छ।

समस्या समाधानका लागि लहान नगरपालिकासँग पटक–पटक माग भए पनि अहिलेसम्म पूर्ण समाधान भएको छैन। गत वर्ष औषधिका लागि नगरपालिकाले केही सहयोग गरे पनि यस वर्ष निरन्तरता नहुँदा अवस्था अपरिवर्तित रहेको छ। औषधालयको व्यवस्थापनका लागि वडा नम्बर १ का वडाध्यक्ष युगल किशोर चौधरीको अध्यक्षतामा समिति गठन गरिएको छ। वडाध्यक्ष चौधरीले समितिले औषधी अभाव र खानेपानीको समस्या यथाशिघ्र समाधान गर्न पहल गर्ने बताउनुभएको छ।

उहाँ भन्नुभयो, "औषधी अभाव र खानेपानीको समस्या यथासिघ्र समाधान गर्ने छौं। अन्य सेवा सुविधा सुधारका लागि नगरपालिकासँग थप बजेटको पहल हुनेछ।" यसैगरी, स्थानीय कविराज रहमानले औषधालयमा मधुमेह, रक्तचाप, ग्याष्ट्रिक र पक्षघात भएका बिरामीहरूको चाप बढिरहेको उल्लेख गर्दै, स्थानीयस्तरमा स्वास्थ्य शिविर र स्वस्थ जीवनशैलीसम्बन्धी कार्यक्रम सञ्चालनको आवश्यकता औंल्याउनुभएको छ।

स्थानीय दाता बालेश्वर यादवका अनुसार, स्वास्थ्य मन्त्रालयको बजेटबाट औषधालय भवन निर्माण गरिएको थियो। उहाँले भन्नुभयो, "औषधालयको व्यवस्थापनमा नगरपालिकाले पर्याप्त चासो नलिँदा दुःख लागेको छ।"

## सिराहामा ब्राउन सुगरसहित तीन युवक पक्राउ

सिरहा, २६ चैत्र। सिरहा नगरपालिका–१५ बुधौराबाट प्रहरीले लागुऔषध ब्राउन सुगरसहित तीन जना युवकलाई पक्राउ गरेको छ। भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा प्रहरी चौकी खिरौनाबाट खटिएको गस्ती टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेहरूमा सिरहाको धनगढीमाई नगरपालिका वडा नं. ३ बस्ने १९ वर्षीय अभिषेक मुखिया, गोलबजार नगरपालिका वडा नंरु. १२ बस्ने १९ वर्षीय अभिषेक मुखिया र सोही ठाउँका २१ वर्षीय अरविन सिंह रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार, गत चैत २४ गते साँझ करिब ७:०० बजेको समयमा भारतबाट नेपालतर्फ आउँदै गरेको प्र.०१–००४ प २६८८८८ नम्बरको मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा उक्त पदार्थ फेला परेको थियो। मोटरसाइकलको इन्धन ट्याङ्कीको बिर्कोभित्र लुकाएर राखिएको ३ वटा प्लास्टिकको पोकामा ब्राउन सुगर जस्तो देखिने गिलो पदार्थ बरामद भएको प्रहरीले जनाएको छ। बरामद गरिएको उक्त पदार्थको तौल प्लास्टिक सहित ४ ग्राम ६० मिलिग्राम र प्लास्टिक बाहेक २ ग्राम ५०० मिलिग्राम रहेको छ। पक्राउ परेका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान

–बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**क्षयरोगबाट बचौं र बचाऔं।**

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

**"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## प्रेस स्वतन्त्रता नियन्त्रणको प्रयास ?

सरकारले हालै राज्यका विज्ञापनहरू सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशनरप्रसारण गर्न दिएको निर्देशनबाट प्रेस स्वतन्त्रता र निजी क्षेत्रप्रति सरकारको अनुदार दृष्टिकोण प्रकट भएको छ। यस्तो अनुदार दृष्टिकोण सैद्धान्तिक र व्यवहारिकरूपमा उदार लोकतन्त्रको भावनाविपरीत हुन्छ। राज्य अर्थात् सार्वजनिक क्षेत्रबाट हुने विज्ञापन वितरणजस्तो संवेदनशील विषयमा गरिएको यस्तो निर्णय प्रशासनिक व्यवस्थापनको विषयमात्र होइन सरकारको लोकतान्त्रिक अभ्यासकै पनि परीक्षा हो। अनुदार निरंकुश शासनले सञ्चार माध्यमको स्वतन्त्रता नियन्त्रण गर्न अपनाउने उपायको सिको संघीय गणतन्त्र नेपालको सरकारले गर्नु उचित होइन।

झट्ट हेर्दा विज्ञापनको सवाल देखिए पनि यस निर्णयले पहिलो प्रश्न सरकारको प्रेस स्वतन्त्रताप्रतिको दृष्टिकोणमा उठाएको छ। नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। तर सार्वजनिक क्षेत्रको विज्ञापन वितरणमा निजी सञ्चारमाध्यमलाई निषेध गर्ने निर्णयले सरकारले स्वतन्त्र पत्रकारितालाई वैरी ठानेको देखियो। यसरी सरकारले सञ्चार माध्यमलाई 'आफ्नो' र 'पराइ' व्यवहार गर्नु लोकतान्त्रिक शासनका लागि नसुहाउँदो व्यवहार मानिन्छ। त्यसो त विगतमा पनि सञ्चार माध्यमको स्वतन्त्रता नियन्त्रण गर्न खोज्ने सरकारहरूले प्रायः विज्ञापन वितरणबाटै दबाब सिर्जना गर्ने अभ्यास गरेका थिए। तर, लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित सरकारले पनि निषेधको बाटो रोज्नु उचित होइन।

अहिले भइरहेको सरकारी विज्ञापनको वितरणको अभ्यास पनि व्यवहारमा प्रश्नको घेराबाहिर थिएन। विशेगरी सरकारी कर्मचारी र विज्ञापन एजेन्सी तथा कतिपय सञ्चार माध्यममा कार्यरत व्यक्तिहरूसमेतको मिलेमतोमा सरकारी विज्ञापन वितरणमा भ्रष्टाचार हुनेगरेको बेलाबखत सञ्चार माध्यममा आउने गरेकै हो। यस्तै, विज्ञापनलाई सूचना लुकाउने वा दबाउने अस्त्र बनाइएका, कतिपय विज्ञापन सीमित व्यक्तिले मात्र थाहा पाउने वा कानुनी औपचारिकता पूरा गर्नमात्र मिलेमतोमा प्रकाशित गरिएका उदाहरण पनि सार्वजनिक भएका छन्। यसरी हुने भ्रष्टाचार सरकारले नियमनलाई प्रभावकारी बनाउनु आवश्यक थियो। तर, सरकार त पूरै नियन्त्रणमा पो लाग्यो।

सरकारको तर्क भने विज्ञापन वितरणमा देखिएका अनियमितता नियन्त्रण गर्ने रहेको छ। तर अनियमितता नियन्त्रणको उपाय पारदर्शी मापदण्ड निर्माण गर्नु हो, न कि सम्पूर्ण निजी सञ्चार क्षेत्रलाई बहिष्कार गर्नु। सुशासनको नाममा प्रतिस्पर्धा सीमित गर्नु लोकतान्त्रिक अभ्याससँग मेल खाने उपाय होइन। व्यवहारिकताका दृष्टिमा पनि निजी सञ्चार माध्यमलाई विज्ञापन निषेध उपयुक्त निर्णय देखिँदैन। कुनै पनि सूचना नागरिकसम्म प्रभावकारीरूपमा पुऱ्याउने माध्यम त्यही हो जहाँ नागरिकको पहुँच बढी हुन्छ। अहिलेको नेपालमा सरकारी सञ्चार माध्यमभन्दा निजी क्षेत्रका सञ्चार माध्यमहरू पहुँच व्यापक छ। यस्तो अवस्थामा सबै तहका सरकारलाई एउटै माध्यममा मात्र विज्ञापन दिन बाध्य पार्नु सूचना प्रवाह कुण्ठित गराउनु हो।

सरकारले सार्वजनिक क्षेत्रको विज्ञापन वितरणमा अपनाएको भेदभावले निजी क्षेत्रका उद्यमी व्यवसायीलाई पनि झस्काएको हुनुपर्छ। उदार अर्थतन्त्र अपनाउने हो भने सरकारले निषेध र एकलौटी अधिकारलाई होइन प्रतिस्पर्धालाई प्रोत्साहित गर्नुपर्छ। खुला अर्थतन्त्रमा सरकारले सरकारी र निजी क्षेत्रबीच काखा र पाखा गर्दा स्वस्थ प्रतिस्पर्धा हुँदैन। सार्वजनिक विज्ञापन राज्यको प्रचारको साधनमात्र होइन सार्वजनिक सूचना प्रवाहको माध्यम र सञ्चार क्षेत्रको जीवन्ततासँग जोडिएको संरचनात्मक पक्ष पनि हो। त्यसैले यस्तो निर्णय गर्दा प्रेस स्वतन्त्रता र नागरिकको सूचना प्राप्त गर्ने अधिकारसमेतलाई ध्यानमा राख्नु आवश्यक हुन्छ। यसैले सरकारले यो निषेधात्मक निर्णयमा पुनर्विचार गरोस्।

सरकारले विज्ञापन वितरणका लागि सञ्चार माध्यमको पहुँच, गुणस्तर र प्रभावकारिताका आधारमा निश्चित मापदण्ड बनाएर समान अवसर प्रदान गर्नुपर्छ। अनियमितता रोक्न पारदर्शी नियमन प्रक्रिया लागु गर्नु लोकतान्त्रिक हुन्छ। लोकतन्त्रमा राज्यले सञ्चार माध्यमलाई आफ्नो र बिरानो ठानेर भेदभाव गर्नु हुँदैन।

# मधेश जनलोकपाल आयोग : साढे ४ वर्षमा उपलब्धि शून्य

कार्यालय आउने, दिनभर बस्ने, समय सकिएपछि फर्किने जनलोकपाल आयोगका अध्यक्ष रामसहाय प्रसाद यादवसहितका कर्मचारीको दैनिकी नै बनेको छ।



**शैलेन्द्र महतो**

जनकपुरधाम, २६ चैत्र। मंगलबार दिउँसो सवा १ बजे जनलोकपाल आयोग अगाडि दुई जना कार्यालय सहयोगी मोबाइल खेलाएर बसिरहेका थिए। भित्र साँघुरो कक्षमा एक अधिकृतसहित अन्य कर्मचारीहरू थिए। काम के भइरहेको छ ? भन्ने जिज्ञासामा एक कर्मचारीले जवाफ दिए, 'खै के भइरहेको भन्नु। हामी कर्मचारी आउने, बस्ने र जाने। कहिलेकाहीँ कुनै उजुरी आयो भने अलिअलि काम हुन्छ, नत्र त्यत्तिकै फर्किनुपर्छ।' काम नहुँदा कार्यालय आउने, दिनभर बस्ने, समय सकिएपछि फर्किने जनलोकपाल आयोगका अध्यक्ष रामसहाय प्रसाद यादवसहितका कर्मचारीको दैनिकी नै बनेको छ।

३३ कर्मचारीको दरबन्दी रहेको आयोगमा हाल कायम मुकायमसहित १३ जना कर्मचारी कार्यरत छन्। कार्यालयमा अहिले २ जना उपसचिव, ३ जना शाखा अधिकृत, १ जना कानुन अधिकृत, १ जना सह-लेखापाल, १ जना प्रशासन पाँचौँ तह (सुब्बा), ५ जना कार्यालय सहयोगी र १ जना सवारी चालक रहेका छन्। जनलोकपाल आयोग मधेश प्रदेश सरकारको शक्तिशाली निकायको रूपमा स्थापना गरिएको संस्था हो। प्रदेशमा भ्रष्टाचार नियन्त्रण, मितव्ययिता तथा आर्थिक सुशासन कायम गर्ने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तै शक्तिशाली निकायका रूपमा तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले जनलोकपाल आयोग गठन गरेका थिए।

प्रदेश जनलोकपाल ऐन, २०७७ अनुसार २२ भदौ २०७८ मा अध्यक्षसहित तीन सदस्यीय आयोग गठन भएको साढे चार वर्ष भइसकेको छ। तर यस अवधिमा आयोगको काम-कारबाही र प्रभावकारिता भने शून्य जस्तै छ। प्रदेश जनलोकपाल आयोगको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनमा चार वर्षमा भ्रष्टाचार तथा अनियमिततासम्बन्धी ५६ वटा उजुरी परेको उल्लेख छ। चालु आर्थिक वर्षमा मात्रै १० वटा उजुरी परेको कार्यालयले जनाएको छ। तर परेका उजुरीमाथि अनुसन्धान भए पनि अहिलेसम्म ठोस कारबाही भएको छैन।

आयोगका सूचना अधिकारी प्रशन्नराज कर्णका अनुसार आयोगमा प्राप्त उजुरीहरूमाथि अनुसन्धान तथा तहकिकात हुने र सुशासनसम्बन्धी विषयमा कर्मचारीहरूलाई सचेत गराउने काम भइरहेको छ। अनुसन्धानका क्रममा भ्रष्टाचार देखिएका उजुरीहरूको फाइल भने अख्तियारमा पठाउने गरिएको उनले बताए। कर्णका अनुसार हालसम्म १५ वटा अनियमिततासम्बन्धी उजुरीमा अनुसन्धान सम्पन्न गरी कारबाहीका लागि फाइल अख्तियारमा पठाइएको छ। 'उजुरी अहिले पनि पर्छन्। उजुरीपछि छानबिन हुन्छ, बयान लिइन्छ, फिल्डमा पुगेर निरीक्षण पनि गरिन्छ,' उनले भने, 'अहिलेसम्म आयोगको अधिकार भित्र रहेर १५ वटा मुद्दा टुंग्याएका छौं। अनुसन्धान गरिएका फाइलहरू अख्तियार पठाएका छौं।'

जनलोकपाल आयोग शक्तिशाली निकाय भए पनि यससँग प्रत्यक्ष कारबाही गर्ने अधिकार छैन। जनलोकपाल ऐनअनुसार अनुसन्धानमा अनियमितता भेटिएमा कारबाहीका लागि फाइल अख्तियारमा पठाउने व्यवस्था छ। अख्तियारमा पुगेका ती अनुसन्धान फाइलमाथि हालसम्म खासै सुनुवाइ भएको देखिँदैन। अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रीय कार्यालय टंगालका सहप्रवक्ता तथा सूचना अधिकारी गणेशबहादुर शाहीले ती फाइलको बारेमा आफूलाई जानकारी नरहेको बताए।

यद्यपि, अख्तियारले अनियमितताजन्य सूचना जहाँबाट प्राप्त भए पनि त्यसबारे अनुसन्धान गरेर प्रमाणको आधारमा मुद्दा अभियोजन गर्ने गरिएको उनको भनाइ छ। 'त्यो विषय मलाई थाहा नै हुँदैन। सम्बन्धित व्यक्ति वा निकायले निवेदन दिएर आफ्नो उजुरी वा मुद्दाको अवस्था माग्यो भने खोजेर उपलब्ध गराउँछौं,' उनले भने।

अख्तियारका एक अधिकारीले जनलोकपाल आयोगले प्राप्त उजुरी मात्रै पठाउने गरेको छ। 'जनलोकपालले केही उजुरी फरवार्ड गरेको छ। उसको भूमिका हुलाक जस्तो मात्र देखियो,' उनले भने। अख्तियारमा प्राप्त कुनै पनि अनियमितताजन्य फाइलको शून्यदेखि अनुसन्धान र छानबिन गर्ने गरिन्छ। 'कुनै निकायले अनुसन्धान गरेर पठाएकै आधारमा विशेष अदालतमा मुद्दा अभियोजन हुँदैन। त्यसको शून्यबाट अनुसन्धान हुन्छ, सबुत, प्रमाण संकलनसँगै बयान भएपछि मात्रै मुद्दा विशेष अदालतमा अभियोजन गरिन्छ,' ती अधिकारीले भने।

अख्तियारका अर्का अधिकारी प्रदेश जनलोकपाल आयोग नै संघीय कानुनविपरीत रहेको जिकिर गर्छन्। 'जनलोकपाल आयोग नै संघीय कानुनविपरीत छ। अनियमितता र भ्रष्टाचारसँग सम्बन्धित विषयमा अनुसन्धान र कारबाही गर्ने अधिकार मात्र अख्तियारको छ,' उनले भने 'जनलोकपाल आयोगलाई प्रारम्भिक अनुसन्धान गर्ने अधिकारसमेत छैन। व्ययभार बढ्ने जसरी किन प्रदेश सरकारले यस्तो बेकामे कार्यालय बनाएको होला।' प्रभावकारी काम हुन नसकेको आयोगमा पदाधिकारी तथा कर्मचारीहरूको तलब-भत्ता र सेवा-सुविधामा भने वर्षेनी एक करोड रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ। आर्थिक वर्ष २०८१/०८२ मा आयोगले एक करोड ३५ लाख ३३ हजार ६३४ रुपैयाँ बजेट खर्च गरेको प्रतिवेदनमा उल्लेख छ।

**दुई सदस्यको राजीनामा**

उद्देश्यअनुरूप सुरुदेखि नै आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा आयोग नाम मात्रको बनेको छ। काम प्रभावहीन हुनुका साथै निष्क्रिय अवस्थाका कारण नैतिकताको आधारमा आयोगका दुई सदस्यले १४ महिनाअघि नै राजीनामा दिएका थिए। २०८१ पुसमा सदस्यद्वय राजकिशोर साह र शोभा महतोले पदबाट राजीनामा दिएका थिए। हाल आयोगमा अध्यक्ष रामसहायप्रसाद यादव मात्र कार्यरत छन्। उनको पूर्ण कार्यकाल आगामी साउनमा सकिँदै छ। आयोग स्थापना हुँदा शक्तिशाली निकायका रूपमा अनुभूति भए पनि पछि प्रभावहीन बन्दै गएको अनुभवका कारण नै आफूले राजीनामा दिएको पूर्वसदस्य शोभा महतोले बताइन्।

'सुरुमा शक्तिशाली संस्थामा आएको जस्तो महसुस भयो। तर पछि न आवश्यक कानुन बन्यो, न त सरकारले उचित जनशक्ति व्यवस्थापन गऱ्यो। कारबाही गर्ने अधिकार नै नभएकाले केही गर्न सकिएन,' महतोले भनिन्, 'म काम नै गर्न सक्दिनँ भने त्यहाँ बसेर के गर्ने ? त्यसैले नैतिकताको आधारमा राजीनामा दिएँ।' उनका अनुसार आयोगका पत्रहरूलाई वडा तहसम्मका निकायले समेत बेवास्ता गर्ने अवस्था थियो। 'म त्यहाँ हुँदा मानिसले फरक दृष्टिले हेर्न थाले। अन्य निकायमा पनि काम गर्न सक्ने व्यक्ति हुँ, किन यहाँ बसिरहनु भन्ने लाग्यो,' उनले भनिन्, 'वडाध्यक्षसम्मले पनि टेर्दैनथे। 'जनलोकपाल आयोग के हो ?' भन्ने जस्तो व्यवहार गर्थे।'

मुख्यमन्त्री सतिश सिंहको पालामा जनलोकपाल आयोग खारेजीको कुरा चलेको थियो। तर अहिलेसम्म खारेज गरेको छैन।

# 'मुलुकको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण'

मोरङ, २६ चैत्र।अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले मुलुकको आर्थिक विकासका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ। यहाँ विराटनगरमा आयोजित आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाका लागि राजस्व परामर्श समितिको छलफल तथा अन्तरक्रियामा उहाँले मुलुकमा रोजगारी सृजना एवं आर्थिक क्रियाकलाप वृद्धिका लागि सरकारले निजी क्षेत्रको त्यो भूमिकालाई थप बढाउन आवश्यक सहजीकरण गर्ने बताउनुभयो। सचिव उपाध्यायले हाल मुलुकमा स्थायी सरकार बनेकाले उद्यमी एवं व्यापारीमैत्री कानुन तर्जुमासहित देश विकासमा योगदान गर्ने स्वर्णिम अवसर रहेको धारणा राख्नुभयो। उहाँले वर्तमान सरकारले व्यक्तिको सम्पत्ति पनि राष्ट्रिय सम्पत्ति भएकाले यसको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। मन्त्रालयका सहसचिव उत्तरकुमार खत्रीले व्यापार सहजीकरण गरी आर्थिक समृद्धि कायम गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले निजी क्षेत्रको मागअनुसार भन्सार क्षेत्रमा सुधार गरिएको बताउनुभयो। आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहाल, नेपाल उद्योग व्यापार महासङ्घ कोशी प्रदेश अध्यक्ष राजेन्द्र राउत, मोरङ उद्योग व्यापार सङ्घका अध्यक्ष अनुपम राठी, उद्योग सङ्गठन मोरङका अध्यक्ष नन्दकिशोर राठी र नेपाल उद्योग परिसङ्घका पवन शारडालगायतले विविध विषयमा आफ्ना धारणा राख्नुभएको थियो।

# सुशासनमा रास्वपा निर्मम, प्रश्न उठ्ने बित्तिकै बर्खास्त


## पदीय भूमिकाअनुसार आचरण नदेखाउने मन्त्री र सांसदप्रति निर्मम हुने रास्वपाले संकेत गरेको छ। पार्टीको सिफारिस गरे अनुसार प्रधानमन्त्रीले मन्त्री साहलाई पदमुक्त गरेका छन्।

**लिलु ढुङ्गे**

काठमाडौं, २६ चैत्र। मन्त्री पदमा बहाल भएको १४ दिनमै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री दीपककुमार साहलाई पदीय भूमिकाबाट बर्खास्त गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले मन्त्री साहको विषयमा उठेका जानकारी सहित सिफारिस गरेपछि प्रधानमन्त्री बालेन्द्र शाहले बिहीबार पदमुक्त गरेका हुन्। मन्त्री साहले पदीय दुरुपयोग गरेर आफ्नो श्रीमती जुनु श्रेष्ठलाई स्वास्थ्य बीमा बोर्डको सदस्यमा नियमितता दिने कार्य गरेसँगै उनी विवादमा परेका थिए। पदमुक्त साहले आफ्नो श्रीमतीलाई जिम्मेवारी दिनका लागि रास्वपाको विधान उल्लंघन गरेका थिए।

रास्वपाको विधान ७१ ले परिवारका सदस्यलाई नियुक्त गर्न निषेध गरेको छ। विधानको धारा ७१ (२) मा भनिएको छ, 'पार्टीको केन्द्रीय निकाय र प्रदेश निकायका सदस्यको परिवारबाट पार्टीको कुनै पनि निकाय र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस वा मनोनीत गरिने छैन।' पार्टीका अनुशासन समितिका कार्यवाहक प्रमुख रमाकान्त रिमालले मन्त्री साहले विधानको व्यवस्थाको बर्खिलाप गरेको बताए।

मन्त्री साहले गरेको कार्यप्रति सञ्चारमाध्यममा समाचारहरू प्रकाशित भएसँगै अनुशासन समितिले उक्त विषयमा उनीसँग जानकारी मागेको थियो।



अनुशासन समितिका कार्यवाहक प्रमुख रिमालका अनुसार मन्त्री रिमालले जानकारी दिन आनाकानी गर्ने, अपूर्ण र भ्रुटो विवरण पठाएका थिए। मन्त्री साहले गरेको व्यवहार जनअपेक्षा विपरीत, पार्टीको विधान, कार्यविधि मूल्य, मान्यता, नीति, सिद्धान्तको समेत प्रतिकूल हुन गएकोले आवश्यक कारबाहीका लागि पार्टी सभापति रवि लामिछानेलाई अनुशासन समितिले पत्र पठाएको थियो।

अनुशासन समितिको पत्रको आधारमा सभापति लामिछानेले २६ चैतमा मन्त्री साहका विषयमा जानकारी गराउँदै प्रधानमन्त्री शाहलाई सिफारिस पत्र लेखेका थिए। मन्त्री साहलाई पदमुक्त गर्न विधानको धारा २५ (४) र ६९ को आधार लिइएको छ। विधानको दफा २५ (४) ले सभापतिले पार्टीको आदर्श, सिद्धान्त र मर्यादा माथि आँच आउन नदिन जिम्मेवारी सुम्पेको र पदको दुरुपयोग भएको अवस्थामा विधानको ६९ अनुसार जिम्मेवारी पाएकालाई फिर्ता बोलाउन सक्ने व्यवस्था व्यवस्था छ।

रास्वपाको विधानलाई टेकेर मन्त्रीबाट साहलाई फिर्ता गर्न सभापति लामिछानेले सिफारिस गरेका थिए। त्यस लगत्तै प्रधानमन्त्री शाहले श्रममन्त्रीबाट साहलाई पदमुक्त गरिदिए। राजनीतिक विश्लेषक एवं प्राध्यापक डा. कृष्ण पोखरेल मन्त्री साहलाई पदमुक्त गर्ने निर्णयलाई रास्वपा सुशासनको पक्षमा खरो देखिएको टिप्पणी गर्दछन्। पोखरेलले भने, 'संसदीय व्यवस्थामा मन्त्रीलाई पदमुक्त गर्ने अधिकार प्रधानमन्त्रीलाई हुन्छ। पार्टीको सिफारिसको आधारमा बर्खास्त गरेपछि निर्णयलाई सबैले अपनत्व लिने अवस्था बन्छ।'

अनियमितता र अराजक हुनेहरूप्रति पार्टी निर्मम हुने सभापति लामिछानेले आफ्ना सांसदहरूको अभिमुखीकरणमा बताइसकेका थिए। अभिमुखीकरणका क्रममा सभापति लामिछानेले अनुशासनका लागि रास्वपा निर्मम हुने र अराजकतालाई स्विकार्न नसकिने बताएका थिए। प्रभावकारी कार्य गर्न नसक्ने र अनुशासन पालन नगर्ने सांसदलाई फिर्ता बोलाउने चेतावनी दिँदै लामिछानेले त्यस बेला भनेका थिए,'एउटा कुरा साथीहरूलाई स्पष्ट गर्नुपर्दछ। दुई तिहाइको संख्या घट्ला भन्ने कुराको परवाह नगरी रास्वपाले जन्मदेखि आफ्नो विधानमा स्थापित गरेको 'राइट टू रिकल' को व्यवस्थालाई यस पटक कडाइका साथ लागु गर्छ।'

रास्वपाले स्थापनाकालीन समयदेखि नै विधानमा सांसद फिर्ता बोलाउने व्यवस्था गरेको छ। संशोधित विधानमा पनि उक्त प्रावधानलाई निरन्तरता दिइएको छ। प्रत्यक्ष र समानुपातिक दुवैतर्फका सांसदलाई फिर्ता गर्न सक्ने व्यवस्था विधानमा छ। प्रत्यक्षतर्फका जनप्रतिनिधिलाई फिर्ता गर्ने अधिकार साधारण सदस्यलाई दिइएको छ भने समानुपातिक सांसदलाई फिर्ता गर्ने अधिकार केन्द्रीय समितिलाई छ। विधानको दफा ६९ अनुसार 'पार्टीका सम्बन्धित क्षेत्रका साधारण सदस्यहरूलाई आफ्ना जनप्रतिनिधिले चित्त बुभ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुने' उल्लेख छ। प्रत्यक्ष निर्वाचितलाई हटाउनका लागि गरिएको व्यवस्थामा भनिएको छ, 'केन्द्रीय समितिले बनाउने नियमावलीबमोजिम सम्बन्धित क्षेत्रका साधारण सदस्यहरू निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पद खारेजीको प्रक्रिया सुरु गरिनेछ।'

पार्टीका समानुपातिक जनप्रतिनिधिले पार्टी हित विपरीत काम गरेमा वा कार्यसम्पादन मूल्याङ्कनको आधारमा वा अन्य मनासिब कारण भएमा केन्द्रीय समितिले फिर्ता बोलाउने व्यवस्था गरिएको छ। रास्वपाले प्रतिनिधि सभाको उम्मेदवार बनाउँदा हतारमा निर्णय गर्नुपरेको थियो। काठमाडौं महानगरका तत्कालीन प्रमुख बालेन्द्र शाह पक्षसँग एकता भएसँगै दुई पक्षबाट उम्मेदवार हतार हतारमा तय गरिएको थियो। रास्वपाबाट उम्मेदवार हुनेको ट्र्याक रेकर्डमा अध्ययन गर्ने समय समेत थिएन।

विभिन्न दल, पेसामा रहेकाहरू रास्वपा भित्रिएर उम्मेदवार बन्नेको संख्या उल्लेख्य थियो। रास्वपाले उठाएका कतिपय उम्मेदवारहरूको विगतको भूमिका र आचरणलाई लिएर टिका टिप्पणी भइरहेका छन्। सांसदहरू माथि प्रश्न उठे पनि फिर्ता बोलाउने कार्य भने सहज नहुने बुझाइ राजनीतिक विश्लेषक डा. पोखरेलको छ। उनी भन्छन्, 'रास्वपालाई आफ्नो दलबाट उम्मेदवार हुनेको ट्र्याक रेकर्ड हेर्ने समय पनि भएन होला। सांसदलाई फिर्ता बोलाउन कानुनी व्यवस्थामै भए सजिलो हुने थियो। पार्टीको विधान अनुसार फिर्ता बोलाउन अलि गाह्रै होला।'

अघिल्लो संसदमा समानुपातिक सांसद रहेका ढाकाकुमार श्रेष्ठलाई रास्वपाले आर्थिक अनियमितता सम्बन्धी अडियो काण्डले पदमुक्त भएका थिए। ट्रान्सपरेन्सी इन्टरनेशनल, नेपालका पूर्व अध्यक्ष खेमराज रेग्मी प्रश्न उठेपछि तत्काल एक्सन लिएर सकारात्मक सन्देश दिएको बताउँछन्। उनी भन्छन्, 'नातावाद प्रमाणित हुनासाथ कारबाही गर्ने यो निर्णय एकदमै सकारात्मक छ।'

# चैतको बाढीले बाटो बगाउँदा यातायात ठप्प

**जनार्जन खत्री**

सर्लाही, २६ चैत्र। सर्लाहीको 'कर्णाली' भनिने लालबन्दी नगरपालिका–१४, नारायण खोलामा बाढी आएर खोलाको बाटो बगाएपछि यातायात ठप्प भएको छ। बिहीबार बिहानपख भएको भारी वर्षापछि लखन्देही र डाइनी खोलामा बाढी आउँदा खोला बगरको बाटो बगाएसँगै यातायातका साधन ठप्प भएका हुन्। सडक नपुगेको नारायण खोलामा पानी नपर्दा खोलाको बगर भएर बस सञ्चालन हुने गरेका छन्। बाढी आएर गाडी चल्न नसकेपछि नारायण खोलाका स्थानीय लालबन्दी बजारसम्म आउनुपर्दा तीन घण्टा बढी पैदल हिँड्न बाध्य भएका छन्।

आफूसहित केही युवाले बाढीमा हेलिएर लालबन्दी–१३, पत्थरकोट छेडासम्म मोटरसाइकल ल्याए पनि बस र अन्य गाडी चल्न नसकेको नारायण खोला मोटर दोभानका भीमबहादुर पाखिनले जानकारी दिनुभयो। गाडी आउन नसकेपछि बालबालिका, महिला, वृद्धवृद्धालगायत सबै खोलाको बगरै बगर र बाढीमा हेलिएर तीन, चार घण्टा हिँडेर लालबन्दी बजार आउनुभएका पाखिनले बताउनुभयो। "हामी दुई चार जनाले बाढीमा जोखिम मोलेरै मोटरसाइकल चलाएर आयौं तर अरू भने हिँडेरै आउनुभयो," पाखिनले भन्नुभयो, "बाढीले गाडी हिँड्ने बाटो त केही बाँकी नराखी बगाएको छ।"

बाध्यताले बाढीमै मोटरसाइकल चलाएर आउनु पर्दा चोटपटक लागेको पाखिनको गुनासो छ।लालबन्दी बजारदेखि पत्थरकोट छेडासम्म सडक पुगे पनि त्यहाँदेखि उत्तर नारायण खोलातर्फ लखन्देही र डाइनी खोलाको बगर भएर हिँड्नुपर्ने बाध्यता रहेको छ। लालबन्दी बजारबाट नारायण खोलाको कामिटार, डाइनी र सिन्धुलीको मरिणसम्म गरेर तीन वटा बस सञ्चालन हुने गरेका छन्। डाइनी र कामिटारतर्फको बस दर्जनौं स्थानमा फसेर आए पनि मरिणतर्फको बस आउन नसकेको लालबन्दी नगरपालिका १४ का वडाध्यक्ष छेनामसिंह घिसिङले बताउनुभयो।

अहिले चैतको भेलबाढीले दुई, चार दिन अवरुद्ध भए पनि ठुलो पानी नपरुन्जेल जेठसम्म खोला बगरबाट बस सञ्चालन हुने वडाध्यक्ष घिसिङको भनाइ छ। उहाँले भन्नुभयो, "चैतको भेलले बगाएको बाटो त पानी पर्न रोकिनासाथ बनाइहाल्छौं तर बर्खा लागेर दिनैपिच्छे बाढी आउन थालेपछि भने तीन, चार महिना गाडीघोडा पूर्णरूपमा ठप्प नै हुन्छ।" यो वर्ष पत्थरकोट छेडादेखि साबिक नारायण खोला गाविसको कार्यालय रहेको मोटर दोभान नजिकै तीन तलेसम्म सडक पुऱ्याउने लक्ष्यसहित काम भइरहेको वडाध्यक्ष घिसिङले बताउनुभयो।

लालबन्दी नगरपालिका र वडा कार्यालयले बर्सेनि बजेट विनियोजन गरी चुरेपाखा भएर मोटरदोभान नजिक सडक पुऱ्याए पनि लालबन्दी १३ र १४ को सीमामा पर्ने नारायण खोलामा पुल निर्माणको काम अलपत्र रहेको छ। निर्माण व्यवसायीले दुईचार दिनभित्रै सामग्री भ्मारेर पुलको बाँकी काम गर्ने बताएका वडाध्यक्ष घिसिङले जानकारी दिनुभयो। यस्तै नारायण खोलाको पूर्वी भेगका स्थानीयले लालबन्दी १५ अर्नेडाँडातर्फबाट पैदल हिँड्न मिल्ने र मोटरसाइकल चल्ने गरी चुरेपाखाको बाटो श्रमदान गरेर मर्मत गरेको भए पनि भारी वर्षापछि सो बाटो पनि ठाउँठाउँमा भल बगेर क्षति गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# छोटो अवधिमा उत्पादन हुने धानको परीक्षण सुरु

**विजयकुमार साह**

ढल्केबर, २६ चैत्र। धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले छोटो अवधिमा उत्पादन हुने धानका विभिन्न जातको परीक्षण सुरु गरेको छ। राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथले कोपिया परियोजना अन्तर्गत धनुषाको बटेश्वरमा परीक्षण सुरु गरेको हो।

नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक डा. पल्लवी सिंहले जलवायु परिवर्तनका कारण खेती प्रणालीमा देखिएको चुनौतीलाई मध्यनजर गर्दै छोटो अवधिमा पाक्ने तथा उच्च उत्पादन दिने धानका जातको खोजी तथा परीक्षण थालिएको बताउनुभयो। उहाँले परीक्षण सफल भएमा उत्पादन वृद्धि मात्र नभई समयमै बाली भित्रियाउन सकिने भएकाले किसानलाई प्रत्यक्ष लाभ पुग्ने जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "परीक्षणमा सहभागी किसानले आफ्नै खेतमा विभिन्न धानका जात रोप्ने, तिनको वृद्धि विकास, उत्पादन क्षमता तथा रोगप्रतिरोधी अवस्थाको अवलोकन गर्नुहुन्छ। उहाँहरुले आफ्ना अनुभव, आवश्यकता र प्राथमिकताका आधारमा उत्कृष्ट जात छनोट गर्न गरिनेछ। साहले अनुसन्धान केन्द्रको परिसरका साथै चयन गरिएका किसानका खेतमा पनि धानका विभिन्न जातका धान रोपेर परीक्षण भइरहेको बताउनुभयो। यसले प्रयोगशालामा सीमित अनुसन्धानलाई खेतसम्म विस्तार गर्दै किसानको व्यवहारिक अनुभवलाई समेत अनुसन्धान प्रक्रियासँग जोड्ने काम गर्ने उहाँको भनाइ छ। उहाँका अनुसार स्थानीय हावापानी सुहाउँदो, कम पानीमै उत्पादन दिन सक्ने तथा जलवायु परिवर्तनअनुकूल धानका जात पहिचान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

साहले विशेषगरी चैते धानको उत्पादन बढाउन जोड दिइएको बताउँदै यसले वर्षभरि धान उत्पादन प्रणालीलाई सुदृढ बनाउँदै खाद्य सुरक्षामा टेवा पुऱ्याउने र किसानको आम्दानी वृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो।

# एक महिनामै दोस्रोचोटि 'सरप्राइज' भइन् रूबी ठाकुर

**अक्षर काका र राजु अधिकारी**


काठमाडौं, २६ चैत्र। धनुषाको मझेलिया गाउँकी २५ वर्षीया रूबीकुमारी ठाकुरलाई प्रतिनिधिसभा सदस्य बन्नु नै अनपेक्षित लागेको थियो। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले समानुपातिक सूचीबाट प्रतिनिधिसभा सदस्य बनाएपछि उनी धरान आएकी थिइन्। त्यही बेला उनले सञ्चारकर्मीसँग भनेकी थिइन्, 'यो मेरो लागि सरप्राइज नै हो।' यसरी श्रम संस्कृति पार्टी अध्यक्षले 'सरप्राइज' दिँदै प्रतिनिधिसभामा सिफारिस गरिएकी उनै रूबीकुमारीलाई अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरप्राइज दिएको छ। उनी सत्तारूढ रास्वपाको समर्थनमा प्रतिनिधिसभाको उपभामुख बन्ने निश्चित भएको छ। उनी नेपालकी सबभन्दा कान्छी सांसदमध्ये एक हुन्।

उनले रास्वपाको समर्थनमा बिहीबार उपसभामुखमा उम्मेदवारी दर्ता गरेकी छन्। श्रम संस्कृतिका सांसद आरेन राई प्रस्तावक र रास्वपाका अशोक चौधरी समर्थक छन्। उपसभामुखमा उम्मेदवारी दर्तापछि उनले फेरि भनेकी छन्, 'यो पनि मेरो लागि सरप्राइज भयो।' गत प्रतिनिधिसभा निर्वाचनमा नवोदित श्रम संस्कृति देशको पाँचौं शक्ति बनेको थियो। संसदमा श्रम संस्कृतिका सात जना सांसद छन्। प्रतिपक्षी भूमिका निर्वाह गरिरहेको श्रम संस्कृतिलाई सत्तारूढ दल रास्वपाले आश्चर्यजनक हिसाबले उपसभामुखमा समर्थन गऱ्यो।

उपसभामुख चुनिन बहुमत अर्थात् १३८ सांसद संख्या मात्र भए पुग्छ। तर दुई–तिहाइ नजिक १८२ सिटको रास्वपाले नै समर्थन गरेपछि भुइँबाट उठेकी रूबीकुमारीको यात्रा उपभामुखको कुर्सीसम्म पुग्ने निश्चित देखिएको हो। रूबी राजनीतिक पृष्ठभूमि बोकेकी नेता होइनन्, न कुनै राजनीतिक परिवारबाटै आएकी हुन्। उनकी आमा रेनुदेवी अहिले पनि ज्याला मजदुरी गर्छिन्। रूबी बालखै हुँदा उनकी आमा इँटाभट्टामा मजदुरी गरेर बनीबुतो गर्थिन्।

रूबीका बुबा सोगरथ ठाकुर पहिले सलुनमा नाइ काम गर्थे। त्यो उनीहरूको पुस्तैनी पेसा पनि हो। पुस्तैनी सीप र जाँगरबाट मात्रै घरायसी गर्जो नटर्ने भएपछि उनले विदेश यात्रा तय गरे। हाल उनी वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरबमा छन्। उनी साउदी अरब पुगेको १० वर्ष भइसकेको छ। विप्रेषण आय र आमाको ज्याला मजदुरीबाट मात्रै चुह्लो नतान्ने र जहान–परिवारको पेट नउकासिने भएपछि उनीहरूले अधियाँमा पनि खेती कमाइ गर्न थालेका थिए। उनले गाउँमै दुई बिगाहाजति जग्गामा अधियाँ गरी आयस्ता बढाएको थियो।

यसरी कठोर संघर्षबीच हुर्किएकी रूबीकुमारीले अध्ययनलाई नियमित अगाडि बढाउँदै गइन्। उनी पढाइमा औसतभन्दा माथिकै विद्यार्थी थिइन्। उनले २०७४ सालमा माध्यमिक तहको शिक्षा पूरा गरेकी हुन्। एसइईसम्मको अध्ययन पूरा गरेपछि उनको चाहना प्राविधिक शिक्षातर्फ जाने थियो। त्यसमा परिवारले पनि भरथेग गऱ्यो।



माध्यमिक शिक्षापछि उनी धनुषाको बलरा पोलिटेक्निकल इन्स्टिच्युटमा भर्ना भइन्। त्यहाँबाट उनले सिभिल इन्जिनियरिङतर्फ तीनवर्षे डिप्लोमा कोर्ष पूरा गरिन्। त्यसपछि उनको पाइला प्राविधिक कर्मतिर डोहोरियो। निजी कन्सल्टेन्सीमा काम गर्दै 'टुडी', 'थ्रीडी' डिजाइनमा हात बसाल्दै गरेकी रूबी परिवारको सहयोगी बनेकी थिइन्। उनको मासिक तलब २० हजार रूपैयाँ थियो। आमाको दुःखमा भरथेग गर्न थालेकी रूबी बुबालाई वैदेशिक रोजगारीबाट फर्काउने सपना पनि देख्न थालेकी थिइन्।

उनलाई राजनीतिप्रति खासै चासो थिएन। जति बेला राजनीतिप्रति चासो बढ्यो, उनलाई हर्क साम्पाङ 'आदर्श' लाग्न थाल्यो। राजनीतिज्ञमा हुनुपर्ने गुण उनीमा निहित भएको लाग्यो। हर्कले अगुवाइ गरिरहेको श्रम अभियान, श्रम जागरण, श्रम चेतनाले पनि उनलाई आकर्षित गऱ्यो। उनी पार्टीमा आबद्ध भइन्। र, समानुपातिक सूचीमा पनि समाविष्ट भइन्। चुनावी प्रचार क्रममा धनुषामा हर्क साम्पाङसँग उनको पहिलो भेट भयो। हर्कको व्यक्तित्व र चिन्तनधाराबाट झन् बढी प्रभावित भइन्। र, निरन्तर घरदैलो अभियानमा जुटिन्।

'पहिलेदेखि नै हर्क साम्पाङका भिडिओहरू हेर्थें। उहाँको कामबाट प्रभावित भएको थिएँ,' समानुपातिक प्रणालीबाट प्रतिनिधिसभा सदस्य चुनिएपछि उनले भनेकी थिइन्, 'धनुषा ४ मा उहाँ चुनाव प्रचारका लागि आएपछि पहिलो पटक भेट भएको थियो। उहाँलाई पहिलो पटक भेटेपछि म प्रभावित भएको थिएँ।' उनको जिल्ला धनुषालाई मधेसवादी दलहरूको परम्परागत गढ मानिन्थ्यो। कांग्रेस, एमाले, नेकपा जस्ता स्थापित दलहरू पनि आफ्नो आधार क्षेत्र भन्दै दाबी गर्थे। यसपटक त रबि लामिछाने र बालेन शाहको क्रेज बोकेर अघि बढेको रास्वपाको लहर नै चलेको थियो।

यस्तो प्रतिकूलताबीच पनि रूबीकुमारी धनुषामा पूर्वेली जनजाति युवा हर्क साम्पाङ अध्यक्ष रहेको श्रम संस्कृति पार्टीको माटो चुनाव चिह्नका लागि मत माग्न खटिएकी थिइन्। तर उनले समानुपातिक सांसद बन्छु भन्ने सोचेकी थिइनन्। पार्टीले विश्वास गरेर संसदसम्मको यात्रा गराउला भन्ने आफूले सोच्दै नसोचेको उनी बताउँछिन्। प्रत्यक्षतर्फ तीन ठाउँ जितेको श्रम संस्कृतिले समानुपातिकतर्फ थप चार सिट हात पार्दा मधेसी क्लस्टरबाट रूबीकुमारीको नाम छानियो। त्यति बेला पार्टीको निर्णय 'सरप्राइज' भएको उनले बताएकी थिइन्।


रूबी अहिले डिप्लोमा इन सिभिल इन्जिनियरिङ सकेर ब्याचलर इन इन्जिनियरिङ पढ्दै छिन्। राजनीतिमा लामो यात्रा नसोचेकी ठाकुर आफ्ना चार बहिनी र दुई भाइको 'आदर्श' बन्न चाहन्थिन्। परिवारको कुशल सारथि बन्न चाहन्थिन्। कलिलै उमेरमा आएको विवाहको प्रस्ताव लत्याएकी उनले समाजमा अलग्गै छाप छाड्न चाहन्थिन्। कलिलैमा विवाह गरेर पारिवारिक बोझ उठाउनुपर्ने अवस्था अन्त्य होस् भन्ने चाहन्थिन्। अब यो काम उनले राजनीतिमार्फत पूरा गर्नुपर्नेछ।

गत फागुन २१ गते भएको निर्वाचनमा समानुपातिकबाट सांसद छानिएकी उनी देशको विधायकी थलोमा भर्खरै प्रवेश गरेकी थिइन्। सांसदको काम, कर्तव्य, अधिकारका सीमारेखा ठम्याउँदै गरेकी उनले देशको शासन–प्रशासन, कानुन निर्माणको प्रक्रिया बुझ्दै थिइन्। सांसद बन्दै गर्दा उनका लागि प्राथमिक मुद्दा स्पष्ट थिए। खासगरी मधेसमा जरा गाडेको दाइजो प्रथा, बालविवाह र बेरोजगारी जस्ता विषयलाई आफूले सदनमा प्राथमिकतापूर्वक उठाउने उनी बताउँथिन्। अब पार्टी र रास्वपा समेतले विश्वास गरेर उनलाई अतिरिक्त जिम्मेवारी काँधमा राख्न लागेको छ। उनले आफूले प्राप्त गर्न लागेको यो भूमिकालाई पनि न्याय गर्ने बताएकी छन्।

'धेरै खुसी लागेको छ। अध्यक्षज्यूले म भुइँको मान्छेलाई यहाँसम्म पुऱ्याइदिनुभयो, म उहाँलाई भगवान नै मान्छु,' उनले भनिन्, 'मधेसका दाजुभाइ, दिदीबहिनीहरू, सम्पूर्ण नागरिकलाई धन्यवाद दिन चाहन्छु।' उनले उपसभामुखको जिम्मेवारी आफ्ना लागि ठूलो भए पनि इमानदारीपूर्वक निर्वाह गर्ने बताएकी छन्। 'यो ठूलो जिम्मेवारी भयो, तर म सक्छु,' उनले भनिन्। हर्क साम्पाङले उनलाई चकित तुल्याउँदै सांसदको जिम्मेवारी दिएका थिए, रास्वपाले पनि सरप्राइज नै दिँदै उपसभामुखको भूमिका दिन लागेको छ।

एउटै दलबाट सभामुख र उपसभामुख दुवै बन्न नमिल्ने नियम अनुसार रास्वपाले उपसभामुखमा श्रम संस्कृतिलाई साथ दिएको हो। राप्रपाबाट सरस्वती लामाको उम्मेदवारी परे पनि रास्वपाको समर्थन श्रम संस्कृतिलाई भएकाले रूबी उपसभामुख बन्ने निश्चित छ।

# हाजिरी जमानीमा रिहा भए ओली र लेखक





काठमाडौं, २६ चैत्र। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई प्रहरीले आज (बिहीबार) हाजिरी जमानीमा रिहा गरेको छ। काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी पवनकुमार भट्टराईका अनुसार आवश्यक परेका बेला हाजिर हुने सर्तमा एमाले अध्यक्ष ओली र कांग्रेस नेता लेखकलाई उनीहरूका श्रीमती क्रमशः राधिका शाक्य र यशोदा जोशी लेखकको जिम्मामा छाडिएको हो। उनले भने, 'अनुसन्धानका क्रममा खोजेका बखत हाजिर हुने सर्तमा उहाँहरूलाई जिम्मा जमानीमा रिहा गरियो।' सर्वोच्च अदालतको आदेश अनुसार सरकारी वकिलबाट पत्र आएपछि उनीहरूलाई रिहा गरिएको हो।गत भदौमा भएको जेनजी आन्दोलनमा ज्यान जाने गरी दमन गरेको अभियोगमा तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री लेखकलाई जिल्ला प्रहरी परिसर काठमाडौंले यही चैत १४ गते शनिबार पक्राउ गरेको थियो। स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएका एमाले अध्यक्ष ओली बिरामी भएका कारण त्यही दिन अस्पतालमै भर्ना भएका थिए भने लेखकलाई महाराजगन्जमै रहेको प्रहरीको २ नं गणमा राखिएको थियो।

गत सोमबार सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्मा र सुनील पोखरेलको इजलासले उनीहरूको बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरे पनि परमादेश जारी गर्दै उनीहरूलाई थुनामुक्त हुने बाटो खुलाएको हो। अब उप्रान्त म्याद थप नगर्न भनेको छ। जुन आदेशका कारण उनीहरू अब थुनामा बस्नुनपर्ने भएको हो। प्रहरी हिरासतबाट मुक्त भए पनि पत्थरीको उपचार जारी रहेकाले पूर्वप्रधानमन्त्री ओली भने सोमबार मात्र शिक्षण अस्पतालबाट डिस्चार्ज हुने बताइएको छ।

*सिरहामा ब्राउन...*

अगाडि बढाइएको छ। उनीहरूलाई चैत २५ गते सिरहा जिल्ला अदालतबाट म्याद थप गरी कानुनी प्रक्रिया अघि बढाइएको प्रहरी निरीक्षक ओम प्रकाश पण्डितले जानकारी दिए।

# लेखापढी व्यवसायीलाई तत्काल रिहाइको माग गर्दै प्रजिअलाई ज्ञापनपत्र

**प्रवीण कुमार शर्मा**

रौतहट, २६ चैत्र। रौतहटबाट पाँच जना लेखापढी व्यवसायीलाई प्रहरीले बिना प्रमाण नियन्त्रणमा लिएर थुनामा राखेको भन्दै लेखापढी व्यवसायीहरुले रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाइ ज्ञापन पत्र बुझाएका छन्। रौतहटमा कार्यरत रहेका लेखापढी व्यवसायीहरूमाथि राज्य पक्षबाट बल प्रयोग गरी बिना प्रमाण पक्राउ गरिएको भन्दै रिहाइको माग गर्दै प्रमुख जिल्ला अधिकारि भुसाललाइ बिहिबार ज्ञापन पत्र बुझाएको नेपाल लेखापढी कानून व्यवसायी एसोसिएशन चन्द्रपुर इकाइका अध्यक्ष दीपनारायण चौधरीले बताउनुभयो।

उक्त घटनाप्रति असन्तुष्टि जनाउँदै लेखापढी व्यवसायीहरूले पक्राउ परेकाहरूलाई बिना सर्त यथाशीघ्र रिहा गर्न र आगामी दिनमा समेत यस



प्रकार घटना दोहिरिन नदिन स्थानिय प्रशासनसँग माग गरेका छन्। आफूहरु आधिकारिक रूपमा लाइसेन्स प्राप्त गरी मालपोत कार्यालय मार्फत भू–सेवा केन्द्र सञ्चालन गर्दै आएको लेखापढी व्यवसायीहरुको भनाइ छ। सेवाग्राहीहरूको कामकाजमा सहजीकरण गर्दै आएको अवस्थामा बिना प्रमाण गरिएको कारबाहीले पेशा माथि नै अन्याय भएको नेपाल लेखापढी कानून व्यवसायी एसोसिएशन गौरका अध्यक्ष हरिनारायण साहले गुनासो पोख्नुभयो।

प्रमुख जिल्ला अधिकारिलाई बुझाइएको ज्ञापन पत्रमा सम्बन्धित निकायसँग समन्वय गरी समस्याको छिट्टो समाधान गर्न आग्रह गरिएको उहाँले बताउनुभयो। ज्ञापन पत्र लेखापढी व्यवसायी एसोसिएशन गौर तथा इकाइ समितिहरु चन्द्रपुर , गरुडा र मौलापुरका प्रतिनिधिहरूको उपस्थितिमा बुझाइएको जिल्ला प्रशासन कार्यालय रौतहटका नायबसुब्बा राम नरेश साहले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह–सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकार: कृष्ण प्रसाद दंगाल कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)